# खाँडाचक्र नगरपालिकाको
# आर्थिक ऐन, २०७८

स्वीकृत मिति : २०७८/०३/१०

**प्रस्तावना** : खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम यस नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यसको ऐनको नाम 'आर्थिक ऐन, २०७८' रहेको छ ।

२. **लागु हुने** : यो ऐन नगर सभाबाट पास भए पश्चात् आ.व. २०७८/०७९ का लागि लागु हुने छ ।

३. **सम्पति करः** खाँडाचक्र नगरपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर वा सम्पत्ति कर लगाइने र असूल उपर गरिने छ ।

४. **भूमि कर (मालपोत)**ः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुलउपर गरिनेछ । तर एकिकृत सम्पत्ति कर लगाएको भूमिमा यो कर लगाइने छैन ।

५. **घर जग्गा वहाल करः** खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आँशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

६. **व्यवसाय करः** खाँडाचक्र नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **सवारी साधन तथा ढुङगा, गिट्टी वालुवा, माटो उत्खन्न कर**: खाँडाचक्र नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा तथा नगरपालिका क्षेत्र भित्र ढुङगा, गिट्टी वालुवा, माटो उत्खन्न गरे बापत अनुसूचि (६) बमोजिम सवारी साधन तथा ढुङगा, गिट्टी वालुवा, माटो उत्खन्न कर लगाइने र असुल उपर गरिनेछ ।

९. **विज्ञापन कर**: खाँडाचक्र नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

१०. **मनोरञ्जन कर**: खाँडाचक्र नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।

११. **बहाल बिटौरी शुल्क**: खाँडाचक्र नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसलमा अनुसूचि (९) बमोजिमको बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पार्किङ शुल्क**: खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टीङ शुल्क**: खाँडाचक्र नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टीङ सेवा वा व्यवसाय

सञ्चालन गरेवापत तोकिए बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **सेवा शुल्क, दस्तुरः** खाँडाचक्र नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूचि (११) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **पर्यटन शुल्कः** खाँडाचक्र नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट तोकिए बमोजिम पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । अघिल्लो आर्थिक वर्षमा कानून वमोजिम कर नतिरेका सवै करदाताहरूसँग तिर्न वाकी सवै कर समेत यस आर्थिक वर्षमा अनिवार्य असुल उपर गरिने छ ।

१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सम्बन्धि अन्य कार्य विधि नगरकार्यपालिकाले बनाई लागू गर्न सक्नेछ ।

## अनुसूचि १

### क. एकिकृत सम्पत्ति कर

| करयोग्य एकिकृत सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| रु ५,००,०००।– सम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु १००।– |
| रु५,००,०००।– माथिको करयोग्य एकिकृत सम्पत्तिको मूल्य | करयोग्य कुल रकमको ०.०२ प्रतिशत (उदाहरण एकिकृत सम्पत्तिको मूल्य रु६,००,०००।– भएमा सो मूल्यको ०.०२ प्रतिशतले हुन आउने वार्षिक कर रु१२०।– |

### ख. सम्पत्ति कर

| सि.नं. | शीर्षक | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर (प्रति तला ) | प्रति वर्ग फिट ५० पैसा | |
| २ | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो र टिन ढुङ्गाको छाना | रु २०० | |
| ३ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो – जस्ता/ढुङ्गाको छाना | रु १५० | |
| ४ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो – र खर छाना कच्ची घर, गोठ छाप्रो समेत | रु १०० | |

## अनुसूचि २

क. **भूमि कर (मालपोत)**

| क्र.स. | जग्गा विवरण | करको दर (प्रति १०० वर्ग मिटरमा) |
|---|---|---|
| १ | मालपोत कर पाखो | रु ६ |
| २ | मालपोत कर खेत | रु१२ |

## अनुसूचि ३

क. **घर जग्गा वहाल कर**

| क्र.स. | विवरण | करको दर |
|---|---|---|
| १ | वहालबाट प्राप्त कुल आम्दानीको | १० प्रतिशत |

## अनुसूचि ४
## व्यवसाय कर

क. **चुरोट, रक्सी, सवारी साधन विक्रेता, निमार्ण सामाग्री थोक**

| वर्ग | पूँजी (रु) | कर |
|---|---|---|
| क | रु. ३,००,०००। सम्म | रु.१,०००। |
| ख | रु. १०,००,०००। सम्म | रु. ३,०००। |
| ग | रु. १० लाख देखी ५० लाख सम्म | रु. ५,०००। |
| घ | रु. ५० लाख देखी १ करोड सम्म | रु .१००००/ |

ख. ज्वेलरी, भिडीयो, क्यासेट, रिकर्डर तथा प्लेयर, कम्प्युटर, विधुतीय सामान, क्यामरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ, तयारी तथा अन्य कपडा व्यापार, दैनिक उपभोगका खाद्य पदार्थ थोक तथा खुद्रा व्यापार तथा पर्यटन, आवास, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, सार्वजानिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाईसेवा, शीत भण्डार, सवारी साधन लगाएत अन्य मर्मत संभार सेवा आदि जस्ता र माथि नखुलेका अन्य उद्योग व्यवसाय ।

| वर्ग | पूँजी (रु) | कर |
|---|---|---|
| क | रु. १,००,००० सम्म । | रु. ५००। |
| ख | रु. ३,००,००० सम्म । | रु. १,०००। |
| ग | रु. १०,००,००० सम्म । | रु. १,५००। |
| घ | रु. १०,००,००० भन्दा माथि । | रु. २,०००। |

ग. उत्पादन मुलुक उद्योग, कृषि तथा वनजन्य, खनिज, उर्जामुलक उद्योग, विभिन्न माल सामान उत्पादन गर्ने उद्योग व्यवसाय, कृषि तथा वनजन्य उद्योग व्यवसाय, जलस्रोत, वायु, सौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्यास, वायोग्यास, तथा अन्य स्रोतहरू बाट उर्जा पैदा गर्ने उद्योग खनिज उद्योग व्यवसाय ।

| वर्ग | पूँजी (रु) | कर |
|---|---|---|
| क | रु. १०,००,००० सम्म | रु. १,०००। |
| ख | रु. १० लाखदेखि ५० लाख सम्म | रु. ३,०००। |
| ग | रु ५० लाख देखी १ करोड सम्म | रु. १००००/ |

घ. वित्तिय सेवा, विशेषज्ञ परामर्श सेवा, स्वास्थ्य सेवा सम्बन्धी व्यवसाय

| सि.न. | व्यवसाय | कर |
|---|---|---|
| १ | नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक | रु. ५,००० |
| २ | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | रु. ५,००० |
| ३ | वित्तीय कम्पनी शाखा कार्यालय | रु. १,००० |
| ४ | विमा कम्पनी | रु. ५,००० |
| ५ | विदेशी मुद्रा सटही | रु. १,००० |
| ६ | धितोपत्र कारोबार | रु. १,००० |

| | | |
|---|---|---|
| ७ | सहकारी बैंक/सहकारी संस्था | रु. १,००० |
| ८ | गैर सरकारी अस्पताल | रु. २,५०० |
| ९ | नर्सिङ होम | रु. ५,००० |
| १० | ल्किनिक तथा ल्याव | रु. २,००० |
| ११ | चिकित्सक, कविराज, इन्जीनियर, कानुन व्यवसायी, लेखा परिक्षक, दन्त चिकित्सक, अनुसन्धानकर्ता तथा परामर्श दाता, कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर, वीमा एजेन्टसर्भेयर,अनुवादक, शेयर दलाल, पसु चिकीत्सक, संस्थागत पेन्टर | रु. ५०० |

ङ. निर्माण व्यवसाय

नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यबसाय

| वर्ग | वार्षिक कर | इजाजत पत्र | नवीकरण दस्तुर | ३ महिना भन्दा बढि म्याद नाघेमा थप दस्तुर | ९ महिना भन्दा बढि म्याद नाघेमा थप दस्तुर | १ वर्ष भन्दा म्याद नाघेमा प्रत्येक वर्षको | इजाजत पत्र प्रतिलिपि |
|---|---|---|---|---|---|---|---|
| क | रु. १०,००० | – | – | – | | | – |
| ख | रु. ८,००० | – | – | – | | | – |
| ग | रु. ६,००० | – | – | – | | | – |
| घ | – | रु.५००० | रु.३००० | रु. ३००० | रु. १००० | रु. १०००० | रु. १००० |

## अनुसुची ५

क. जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.न. | विवरण | कर दर (रु) | कैफियत |
|---|---|---|---|
| १ | गुच्ची च्याउ, चिराइतो, बोजो, आक्वे, पदमचाल, अतिस, विस जरा, सुगन्धवाल, तारेचुक, डालेचुक, जटामसि, जरा, कुट्की, सिलाजित, काला दाना, कुरिलो, यार्सागुम्बा, लौड सल्ला, सतुवा, पाखनभेद, सेतो चिनी, धुपिपातको तेल, साधारण च्याउ, बन लसुन आदी जडिवुटि कारोबार गर्ने व्यवसायीलाईप्रति क्विन्टल | रु. १५०० | |
| २ | खाली सीसी, प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा, तेलको टिन, पुन : प्रशोधन (रिसाइकलिङ्ग) गरी पुन : प्रयोग हुन सक्ने कवाडी सामानहरू कारोवार गर्ने व्यवसायीलाई प्रति सानो ट्रक | रु. २००० | |
| ३ | प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत्यु वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख आदी कारोवार गर्ने व्यवसायीलाई प्रति सानो ट्रक | रु. ५००० | |

## अनुसुची ६

ख. सवारी साधन तथा ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन् कर

| क्र.स. | सवारी साधन | करदर | कैफियत |
|---|---|---|---|
| १ | बस/मिनिवस/जिप/ट्रक/ ट्र्याक्टर/लरी तथा अन्य हेभी गाडी | रु. १००० | |
| २ | भाडाको ट्र्याम्पो/रिक्सा/निजि कार | रु. ५०० | |

ग. खाडाँचक्र नगरपालिका क्षेत्र भित्र ढुङगा, गिट्टी वालुवा, माटो उत्खलन गरे बापतको कर

| क्र.स. | विवरण | बालुवा (नदीबाट) | ढुङ्गा | गिट्टी | माटो |
|---|---|---|---|---|---|
| १ | प्रति ट्रिप ट्रक/ट्रिपरबाट | रु. २००० | रु. ३०० | रु. ३०० | रु. १५० |
| २ | प्रति ट्रिप ट्र्याक्टर बाट | रु. १५०० | रु. २५० | रु. २५० | रु. १०० |
| ३ | प्रति ट्रिप सानो ट्र्याक्टरबाट | रु. १००० | रु. २०० | रु. २०० | रु. ५० |

## अनुसुची ७

क. विज्ञापन कर

| क्र.स. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| १ | साइनवोर्ड, होडिङ वोर्ड, अन्य वोर्ड (प्रति वर्ग फिट) | रु२० | |
| २ | वाल पेन्ट (प्रति वर्ग फिट) | रु१० | |
| ३ | डिजिटल वोर्ड (प्रति वर्ग फिट) | रु३० | |

## अनुसुची ८

क. मजोरञ्जन कर

| क्र.स. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| १ | जादु, सर्कस, चकट, सिनेमाहल, भिडीयोहल, सास्कृतिक प्रदर्शनहल, थियटर, संगित, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासीक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रबेश शुल्कमा | पाँच प्रतिशत | |

## अनुसुची ९

क. **वहाल विटौरी कर** : नगरपालिका क्षेत्रका निम्न स्थानमा सार्वजनिक जग्गामा कुनै व्यक्ति, संस्थालाई अस्थायी व्यापार/प्रचार प्रसार प्रयोजनको लागि उपलब्ध गराउँदा लाग्ने वहाल विटौरी करको दर

| **क्र.स.** | **विवरण** | **कर दर** | **कैफियत** |
|---|---|---|---|
| १ | मान्म वजार क्षेत्रको सार्वजनिक जग्गा (प्रति १०० वर्ग मिटर) | रु. २०००।– | |
| २ | कर्णाली राजमार्ग क्षेत्रको सार्वजनिक जग्गा (प्रति १०० वर्ग मिटर) | रु. १०००।– | |
| ३ | अन्य सार्वजनिक (प्रति १०० वर्ग मिटर) | रु. २००।– | |

## अनुसुची १०

क. पार्किङ शुल्क

| क्र.स. | साधन | कर दर | कैफियत |
|---|---|---|---|
| १ | वस/ट्रक | रु. ५० | |
| २ | ट्याक्टर/जिप | रु. ३० | |
| ३ | मोटर साईकल | रु. २० | |

## अनुसुची ११

क. सेवा, शुल्क र दस्तुर

| क्र.स. | सेवा | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | योजनाहरूको सिफारीसको लागि १ लाख सम्मको एक पटक | रु. १०० | |
| २ | योजना सञ्चालन/भुक्तानि सिफारिस रु ५ लाख सम्मएक पटक | रु ५०० | |
| ३ | योजना सञ्चालन/भुक्तानि सिफारिस रु ५ लाख देखि २० लाख सम्म एक पटक | रु १००० | |
| ४ | योजना सञ्चालन/भुक्तानि सिफारिस रु २० लाख देखि ५० लाख सम्म एक पटक | रु २००० | |
| ५ | योजना सञ्चालन/भुक्तानी सिफारिस रु ५० लाख भन्दा माथि सवै | रु. ५००० | |
| ६ | साधारण सिफारिस | रु १०० | |
| ७ | चार किल्ला प्रमाणित सिफारिश (मुख्य वजार वाहेक) | रु ३०० | |
| ८ | चार किल्ला प्रमाणित वजार मुख्य वजारहरू | रु ५०० | |

| | | | |
|---|---|---|---|
| ९ | धारा, विजुली जडान सिफारिस | रु १०० | |
| १० | अंग्रेजीमा सिफारिस (प्रति सिफारिस) | रु २०० | |
| ११ | पक्की घरको सर्जमिन | रु ५०० | |
| १२ | नाता प्रमाणित प्रति | रु. २०० | |
| १३ | अन्य सर्जमिन | रु ३०० | |
| १४ | निजि विद्यालय दर्ता सिफारिस | रु २००० | |
| १५ | निजि विद्यालय कक्षा थप सिफारिस | रु १००० | |
| १६ | टोल विकास समिति दर्ता/नविकरण | रु २०० | |
| १७ | निजी जग्गा नापजाँचका लागि नगरपालिकाका अमिन स्थलगत प्राविधिक सेवा लिने शुल्क (साविक मान्म, भर्ता र वदालकोट गाविस) | रु १००० | |
| १८ | निजी जग्गा नापजाँचका लागि नगरपालिकाका अमिन स्थलगत प्राविधिक सेवा लिने शुल्क (साविक दाहा गाविस) | रु २००० | |
| १९ | निजी जग्गा नापजाँचका लागि नगरपालिकाका अमिन स्थलगत प्राविधिक सेवा लिने शुल्क (साविक पाखा गाविस) | रु ४००० | |
| २० | फोहोर मैला व्यवस्थापन शुल्क (मासिक) | रु १०० | |
| २१ | खानी दर्ता सिफारिस | रु ५,००० | |
| २२ | पेट्रोल पम्प खोल्ने सिफारीस | रु १०,००० | |
| २३ | राहदानी सम्बन्धि सिफारिस | रु ५०० | |

| | | | |
|---|---|---|---|
| २४ | आयश्रोत प्रमाणित (कुल मूल्याङ्कन भएको आयस्रोतको) सिफारिश | ०.०२ प्रतिशत | |
| २५ | नक्सा पास अभिलेख किताव | रु ५०० | |
| २६ | मुहान दर्ता सिफारिस | रु.२,५०० | |
| २७ | सस्था,समिति तथा समुह र निजी फर्म दर्ता र दर्ताको लागि सिफारिस शुल्क | रु २,००० | महिलालाई ५०% छुट |
| २८ | सस्था,समिति तथा समुह नवीकरण/नवीकरण गर्ने सिफारिस | रु. १००० | |
| २९ | न्यायीक समिति उजुरी/निवेदन दर्ता | रु. १०० | |
| ३० | न्यायीक समिति मिलापत्र शुल्क | रु. ३०० | |
| ३१ | कन्सुलर प्रमाणित | रु. ५०० | |
| ३२ | नक्सा पास पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर (प्रति तलाको) प्रति वर्ग फिट | रु. ५ | |
| ३३ | नक्सा पास (समेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो र टिन ढुङ्गाको छाना) प्रति वर्ग फिट | रु. ३ | |
| ३४ | नक्सा पास (माटोको जोडाईमा ढुङ्गाको गारो जस्ता/ढुङ्गा/खरको छाना) प्रति वर्ग फिट | रु. १ | |
| ३५ | घर निर्माण सम्पन्न सिफारिस (पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर) | रु. ५०० | |
| ३६ | घर निर्माण सम्पन्न सिफारिस साधारण कच्ची | रु. ३०० | |

| | | | |
|---|---|---|---|
| ३७ | कुखुरा, हास, भेडा, वाख्रा, खरायो उपचार वापत दर्ता शुल्क शुल्क प्रति संख्या | रु. ५ | |
| ३८ | गाई गोरु, रागो, भैसी उपचार वापत दर्ता शुल्क शुल्क प्रति संख्या | रु. १० | |
| ३९ | कृत्रिम गर्भाधान सेवा वापत दर्ता शुल्क प्रति संख्या | रु. २५ | |
| ४० | कुकुर, विरालो र वंगुर/सुगुर उपचार वापत दर्ता शुल्क प्रति संख्या | रु. २५ | |
| ४१ | रेविज सुई दिए वापत प्रति संख्या | रु. १२० | |
| ४२ | भाले पशु बन्ध्याकरण सेवा वापतको प्रति संख्या | रु १५ | |
| ४३ | बन्यजन्तु उपचार सेवा वापत प्रति संख्या | रु. १०० | |
| ४४ | घोडा, खच्चर उपचार वापत दर्ता शुल्क प्रति संख्या | रु ५० | |
| ४५ | गाई गोरु, रागो, भैसी निकासी कर प्रति संख्या | रु. १०० | |
| ४६ | भेडा, वाख्रा निकासी कर प्रति संख्या | रु. ५० | |
| ४७ | विद्यालयमा कक्षा थप सामुदायिक | रु १००० | |
| ४८ | विद्यालय नयाँ अनुमति सामुदायिक | रु २००० | |
| ४९ | विद्यालयमा कक्षा थप निजी | रु. ३००० | |
| ५० | विद्यालय नयाँ अनुमती निजी | रु. ५००० | |
| ५१ | ट्यूसन सेन्टर दर्ता/सञ्चालन अनुमति | रु. ५००० | |

| | | | |
|---|---|---|---|
| ५२ | मार्कसिट प्रतिलिपी शुल्क | रु. १०० | |
| ५३ | महिला समुह दर्ता लगायत अन्य | रु. २००० | ५०% छुट |
| ५४ | क्रसर उद्योग सञ्चालन सिफारिश दस्तुर | रु १५००० | |
| ५५ | हाट बजार सञ्चालन | रु. ५०० | |
| ५६ | कृषि/पशु समुह दर्ता | रु १००० | लक्षित वर्गलाई ५०% छुट |
| ५७ | कृषि/पशु समुहको नविकरण | रु ५०० | लक्षित वर्गलाई ५०% छुट |
| ५८ | फोटोकपि प्रतिलिपी ५ पेज भन्दा माथि प्रतिपेज (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) | रु. ५ | |
| ५९ | ब्ध ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ | रु १० | |
| ६० | विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रति PDFDocument | रु १०० | |
| ६१ | विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रति EditableDocument | रु ५०० | |
| ६२ | घर कायम सिफारीस दस्तुर ग्रामिण क्षेत्रमा | रु २०० | |
| ६३ | घर कायम सिफारीस दस्तुर बजार क्षेत्रमा | रु ३०० | |
| ६४ | फर्म वा व्यवसाय खारेजी दस्तुर | रु ५०० | |

| | | | |
|---|---|---|---|
| ६५ | उद्योग व्यवसायको प्रतिलिपी दस्तुर | रु ५०० | |
| ६६ | उद्योग व्यवसाय ठाउँसारी दस्तुर | रु.१००० | |
| ६७ | उद्योग व्यवसाय नामसारी दस्तुर | रु. २००० | |
| ६८ | उद्योग व्यवसायको पूँजिवृद्धि | रु.२००० | |
| ६९ | शिक्षातर्फ सिफारिस दस्तुर (त.भ.प्रमाणित, खाता सञ्चालन र अन्य) | रु.५०० | |

**अनूसूची–१२**

प्रस्तुत विषयमा नेपाल सरकारले खण्ड ७० संख्या ४६ नेपाल राजपत्रमा भाग ३ मिति २०७७/१२/०२ मा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण नियमावली, २०७७ प्रकाशित बमोजिमको दस्तुर तथा शुल्क लाग्ने छ ।

तपसिल

| क्र.सं. | सम्बन्धित नियम | विषय | शुल्क तथा दस्तुर |
|---|---|---|---|
| १ | घटना घटेको ३५ दिनभित्र | | निःशुल्क |
| १ | घटना घटेका ३५ दिनपछि | परिचयपत्रको विलम्ब दस्तुर | रु.२००/– |
| २ | प्रमाणपत्र हराएको वा प्रतिलिपी | परिचयपत्रको प्रतिलिपि दस्तुर | रु.५००/– |
| ५ | घटना दर्ताको किताबमा रेकर्ड हेरेमा | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | रु.२००/– |

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत